**मिति २०८३।०१।२५ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को १३ औं नगर कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं. १** सुकुम्बासी एवं अव्यवस्थित बसोबासीको विषयमा नगरबासी एवं सम्बन्धित सरोकारवालालाई सूचित गर्न नगरपालिकाको तर्फबाट नगर प्रमुखज्यूद्वारा हस्ताक्षर गरी विज्ञप्ती निकाल्ने निर्णय गरियो ।

**निर्णय नं. २** गैंडाकोट नगरपालिका वडा नं. १३ का वडा सदस्य श्री ऋषिराम गौतमले मिति २०८३।०१।२२ गते स्वःइच्छाले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिकाको भू-उपयोग परिषद्को माईनट एवं सोसंग सम्बन्धित आवश्यक कागजात २०८२ भाद्र २४ गतेको जेन्जी आन्दोलनको क्रममा आगालागी भई नष्ट भएकाले आन्दोलन अगाडी तयार भएका कागजपत्र यस कार्यालयको ईमेल लगायतमा विभिन्न कार्यालयमा पेश भएका कागजातको आधारमा उपलब्ध भए बमोजिमका कागजातलाई अभिलेखीकरण गर्न कार्यालयलाई स्वीकृत दिने, साथै उपलब्ध प्रमाणलाई सदर समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** गैंडाकोट नगरपालिका अन्तर्गतका ओमशान्ति कालिका मार्ग गैंडाकोट- ७ को बाटो निर्माणका लागि रु. ५ लाख अन्य संस्था सहायता र आकस्मिक तथा अन्य भैपरी आउने पूँजीगत शिर्षकमा विनियोजन भएको रकमबाट खर्च लेख्ने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिका वडा नं. ३ निवासी श्री सोम बहादुर भुजेललाई कलेजोको क्यान्सर भई उपचारको क्रममा रहेको एवं घरको आर्थिक अवस्था समेत कमजोर भएको र थप स्वास्थ्य उपचार गर्न कठिनाई भएको भनी सम्बन्धित वडाबाट समेत सिफारिस भई भएकाले निजको उपचारको लागि रु. ५० हजार आर्थिक सहयोग नगरपालिकाको अन्य सामाजिक सुरक्षा (विपन्न नागरिक उपचार सहयोग ) शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका वडा नं. ७ मुरलीटार क्षेत्रमा रहेको नदीजन्य पदार्थ जे जस्तो छ सोहि अबस्थामा बिक्रि गर्ने गरी ई-बोलपत्र (ठेक्का नं.- 02/IR/NCB/GM/082/83) बन्दोबस्त गर्न मिति २०८२/१०/२९ मा प्रकाशित सूचना बमोजिम रित पुर्बक पर्न आएका बोलपत्रहरु मध्येबाट सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ उप दफा (२) को प्रयोजनार्थ सारभूत रुपमा प्रभावग्राही उच्चतम मुल्यांकित फर्म पहिलो र दोस्रो वित्तीय उपक्रममा रहेको फर्म समेत तोकिएको समयभित्र यस कार्यालयमा सम्झौता गर्न नआएकोले, तेस्रो वित्तीय उपक्रममा रहेको फर्मलाई मिति २०८३/०२/०१ गतेसम्मको समयसिमा तोकी पत्राचार गर्ने, सो समय भित्र उल्लेखित फर्मले सम्झौता नगरेको खण्डमा गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७७ को नियम १४० को उपनियम (३) बमोजिम चौथो फर्मलाई सम्झौताको लागि स्वत: पत्राचार गर्ने, पत्र अनुसार सम्झौता नगर्ने फर्मलाई गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १४० को उपनियम (३) बमोजिम तथा मिति २०८३।०१।११ गतेको १२ औं नगर कार्यपालिका बैठकको निर्णय नं. ५ बमोजिम कै प्रक्रिया अपनाई आबश्यक कानुनी कारबाही समेत अगाडी बढाउने निर्णय गरियो ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ७** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| १५ | अमृतधारा टोलमा रहेको बोरिङ पाईप विस्तार क्र.सं. ६४५ | रु.२,००,०००/- | मुक्तिनाथ टोलमा साईडवाल निर्माण क्र.सं. ६६१ मा थप | रु.२,००,०००/- |
| २ | श्रीराम पार्टी प्यालेस देखि नारायणी स्नानघाट जाने बाटो क्र.सं.३३२ | रु.१,५०,०००/- | एस.पि.एम. टोल विकास संस्था अन्तर्गतको क्रियापुत्री भवनमा शौचालय निर्माण | रु.१,५०,०००/- |
| २ | शान्तीमार्ग निर्माण शिलन्यास टोल क्र.सं.३३३ | रु.२,००,०००/- | झलक मार्ग निर्माण शिलन्यास टोल | रु.२,००,०००/- |
| २ | मुर्ति निर्माण नारायणी टोल क्र.सं.३३० | रु.३,००,०००/- | नारायणी टोलको बाटो निर्माण | रु.३,००,०००/- |
| २ | फुलबारी मार्ग एस.पि.एम.टोल क्र.सं.३३९ | रु.१,००,०००/- | एस.पि.एम. टोल व्यवस्थापन | रु.१,००,०००/- |
| ३ | ढोडेनी सिंचाई (क्रमागत योजना) क्र.सं. ७१ | रु. २०,००,०००/- | ढोडेनी खानेपानी योजना | रु. २०,००,०००/- |
| ७ | वडाका विभिन्न ठाँउमा ग्रावेल क्र.सं.४३४ | रु.५,००,०००/- | सिंचाईलाई मोटर खरिद् | रु.२,००,०००/- |
| पू. वि. स. | न्यायिक निकायबाट भएको फैसला कार्यान्वयन गर्न वडा नं. १ (तटबन्धन एवं अन्य सार्वजनिक संरचना निर्माण) लगायत सार्वजनिक जग्गा संरक्षण क्र.सं.१८७ | रु. २०,००,०००/- | सार्वजनिक जग्गा संरक्षण लगायतको कार्य वडा नं. १६(उ.भो.स.बाट कार्यान्वयन गर्ने) | रु. १०,००,०००/- |

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख